**श्री माछापुच्छ्रे बैंक लिमिटेड**
**२०६१ पौष २९ गते बिहिबारका दिन**
**सम्पन्न भएको**
**छैठौं वार्षिक साधारण सभाको निर्णयहरु**

**१. पृष्ठभूमि :**

श्री माछापुच्छ्रे बैंक लिमिटेडको छैठौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रमोहन गौचनज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०६१ साल पौष २९ गते बिहिबार ( १३ जनबरी २००५)
स्थान : होटल फेवा प्रिन्स, पोखरा
समय : दिनका ११:०० बजे ।

**३. सभाको सूचना प्रकाशन :**

(क) यस बैंकको मिति २०६१/०९/०४ गतेका दिन बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम छैठौं बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०५३ को दफा ५४(२) तथा बैंकको नियमावलीको नियम १०(७) अनुसार मिति २०६१/०९/७ गतेको नेपाल समाचारपत्र दैनिकमा र मिति २०६०/०९/९ गतेको राजधानी दैनिकमा गरि २ पटक प्रकाशित भएको ।

(ख) छैठौं वार्षिक साधारण सभाको बैठक बस्ने बारेको सूचना, साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन लगायत आवश्यक विवरण, बासलात, नाफा - नोक्सान हिसाब र सोको अनुसूचीहरु, नगद प्रवाह विवरण र बैंक व्यवस्थापन समूह समेत समावेश भएको बैंकको पाँचौं बार्षिक प्रतिवेदनको पुस्तिका सम्बन्धित शेयरधनीहरुको बैंकमा उपलब्ध व्यक्तिगत ठेगानामा पठाइएको ।

(ग) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित भई दिनका लागि नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालय तथा प्रतिनिधिको रुपमा उपस्थित भई दिनका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री धितोपत्र बोर्ड र श्री धितोपत्र बिनिमय बजार लिमिटेडलाई अनुरोध गरि पत्र पठाईएको ।

(घ) साधारण सभामा उपस्थित भै दिनको लागि लेखापरीक्षक श्री आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई समेत अनुरोध गरिएको ।

**४. सभामा प्रस्तुत छलफलको बिषय सूची :**

१. संचालक समितिको बार्षिक प्रतिवेदन २०६०/६१ पारित गर्ने ।

२. आर्थिक बर्ष २०६०/६१ का लागि नियुक्त लेखापरीक्षकलाई अनुमोदन गर्ने ।

३. लेखापरीक्षकको प्रतिवेदन सहित २०६१ आषाढ मसान्तको वासलात तथा मिति २०६०/४/१ देखि २०६१/३/३१ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

४. आर्थिक बर्ष २०६१/६२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ को दफा ६० (२) को प्रतिबन्धात्मक वाक्यांँश अनुसार बर्तमान लेखापरीक्षक पुनः नियुक्त हुन सक्नु हुनेछ ।)

५. छैठौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको निमित्त शेयरधनीहरु र संचालकहरुको तर्फबाट एक-एक जना प्रतिनिधि नियुक्त गर्ने ।

६. बिविध ।

**५. सभामा उपस्थिति :**

क) संचालकहरुको उपस्थिति :

(१) श्री चन्द्रमोहन गौचन
(२) श्रीमती गीता श्रेष्ठ
(३) श्री सूर्य बहादुर के.सी.
(४) श्रीमती प्रेम कुमारी के.सी.
(५) श्री आनन्द राज वतास
(६) श्री प्राणेश्वर पोखरेल
(७) श्री प्रकाश बहादुर श्रेष्ठ

ख ) आमन्त्रितहरुको उपस्थिति :

(१) श्री जगतमोहन गौचन, सदस्य - लेखापरीक्षण समिति
(२) श्री योगेन्द्र प्रसाद श्रेष्ठ, सदस्य - लेखापरीक्षण समिति
(३) श्री राजेश पौडेल, लेखापरीक्षक - श्री आर. पौडेल एण्ड कम्पनीको तर्फबाट

घ) पदाधिकारीहरुको उपस्थिति :

(१) श्री भाईकाजी श्रेष्ठ : प्रमुख कार्यकारी अधिकृत
(२) श्री बिजय बहादुर श्रेष्ठ : सहायक महाप्रबन्धक

(३) श्री पृथ्वी श्रेष्ठ : प्रबन्धक, कर्जा बिभाग तथा कम्पनी सचिव
(४) श्री अर्जुन थापा : शाखा प्रबन्धक, पोखरा प्रधान कार्यालय
(५) श्री राजुनाथ चालिसे : प्रबन्धक, बजार ब्यबस्थापन बिभाग
(६) श्री अनिल जोशी : प्रमुख, सूचना प्रविधि बिभाग
(७) श्री बिनोद कुमार सिंह : प्रमुख, प्रशासन तथा मानव संशाधन बिकाश बिभाग
(८) श्री गोबिन्द प्रसाद शर्मा : प्रमुख, कोष ब्यबस्थापन, वित्त तथा योजना बिभाग
(९) श्री दिपेन्द्र श्रेष्ठ : प्रमुख, आन्तरीक लेखापरीक्षण बिभाग

ङ) शेयरधनीहरुको उपस्थिति :

(१) स्वयं उपस्थित ४०७ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या : ३,३२४,६६४.
( ६०.४५ प्रतिशत)

(२) प्रतिनिधिद्वारा १६२ जनाको प्रतिनिधित्व भएको शेयर संख्या : ८२९,५९४.
( १५.०८ प्रतिशत)

(३) जम्मा उपस्थित ७५.५३ प्रतिशत

**६. सभाको गणपुरक संख्या :**

| कुल शेयर संख्या | कुल शेयरधनी | स्वयं उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|
| ५५,००,००० | १२,००३ | ४०७ | ५६९ | ७५.५३ |

**७. सभाको वैधानिकता :**

साधारण सभा शुरु हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई स्वागत अभिवादन गर्दै कम्पनी ऐन र बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम बैंकको छैठौं साधारण सभा बोलाईएको जानकारी दिनु भयो ।

सभा संचालनका लागि कम्पनी ऐन, २०५३ को दफा ५६ र यस बैंकको नियमावलीको नियम १०(२०) बमोजिम साधारण सभाको गणपुरक संख्या पुग्न कुल बिक्रि भएको शेयरको ६७ प्रतिशतको प्रतिनिधित्व हुने गरि कम्तिमा ७ जना शेयरधनीहरुको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको कुल बिक्री भएको शेयर संख्या ५५ लाख र कुल शेयरधनी संख्या १२,००३ रहेकोमा यस छैठौं साधारण सभामा ५६९ जना शेयरधनी (प्रोक्सी समेत) उपस्थित भै कुल बिक्री भएको शेयरको ७५.५३ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित ऐन कानुन बमोजिम सभा बैधानिक रहेको जानकारी दिनुभयो ।

## ८. सभाको सभापतित्व :

बैंकको छैठौं बार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०५३ को दफा ६१ (१) र बैंकको नियमावलीको नियम १०(२२) बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रमोहन गौचनज्यूले गर्नु भयो । उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै सभापति महोदयले सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ९. सभा संचालन र सैचालक समितिको बार्षिक प्रतिवेदनको प्रस्तुति :

९.१ सभाका सभापति श्री चन्द्रमोहन गौचनले संचालक समितिको तर्फबाट बैंकको संचालक समितिको बार्षिक प्रतिवेदन २०६०/६१ साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.२ सभा समक्ष संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुत भए पछि सभापतिले लेखापरीक्षकको प्रतिवेदन सहितको २०६१ आषाढ मसान्तसम्मको बासलात र आर्थिक बर्ष २०६०/६१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण सभा समक्ष छलफलको लागि प्रस्तुत गर्नुभयो ।

## १०. छलफलको लागि आव्हान :

१०.१ साधारण सभामा शेयरधनीहरुले निर्धारित बिषय सूचि उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०५३ को दफा ...... मा भए अनुरुप सभापतिद्वारा प्रस्तुत संचालक समितिको बार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण समेतमा छलफलको लागि आ-आफ्नो मन्तब्य, बिचार, जिज्ञासा तथा सुझाब राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन सभापति महोदयले अनुरोध गर्नुभयो ।

१०.२ छलफलमा सहभागी हुने शेयरधनीहरु :

छलफलका क्रममा देहायका शेयरधनीहरुले बैंकको काम कारबाही, बार्षिक हरहिसाब तथा बार्षिक प्रतिवेदनबाट उठेका बिभिन्न बिषयहरुका सम्बन्धमा छलफल गर्नु भै आ-आफ्ना राय तथा जिज्ञाशाहरु व्यक्त गर्नु भयो ।

१. श्री अमर तुलाचन

२. श्री मदनकाजी श्रेष्ठ

३. श्री रमेश बहादुर भारी

४. श्री रमेश बास्तोला

**११. सभामा पेश भएका जिज्ञासा तथा सुझाबहरु र सभापतिले दिनु भएको जवाफहरु :**

छलफलको क्रममा सहभागि हुने शेयरधनी महानुभावहरुले पेश गर्नु भएका मुख्य मुख्य बिचार, मन्तब्य, जिज्ञासा तथा सुझाबहरु र सभापति महोदय श्री चन्द्रमोहन गौचनज्यूले सम्बन्धित बिषयहरुमा दिनु भएको जवाफ तथा प्रष्टिकरणहरुलाई सारांशको रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

११.१ श्री अमर तुलाचनज्यूको जिज्ञासा तथा सुझावहरु :

(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ ....................................................................

(ख) ....................................................................

(ग) ....................................................................

(घ) ....................................................................

(ङ) ....................................................................

(च) ....................................................................

(छ) .................................................................

११.२ श्री मदनकाजी श्रेष्ठज्यूको जिज्ञासा तथा सुझावहरु :

(क) .................................................................

(ख) .................................................................

(ग) .................................................................

(घ) .................................................................

११.३ श्री रमेश बहादुर भारीज्यूको जिज्ञासा तथा सुझावहरु :

(क) .................................................................

(ख) .................................................................

(ग) .................................................................

(घ) .................................................................

११.४ श्री रमेश बास्तोलाज्यूको जिज्ञासा तथा सुझावहरु :

(क) .................................................................

(ख) .................................................................

(ग) .................................................................

(घ) .................................................................

११.५ सभामा व्यक्त भएका जिज्ञासा एवं सुझावहरुको सभाका सभापतिज्यूले निम्नानुसारको जवाफ तथा प्रष्टिकरण प्रस्तुत गर्नु भयो :-

(क) शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भै जिज्ञासा तथा सुझावहरु प्रस्तुत गरिदिनु भएकोमा आभार व्यक्त गर्नु भयो ।

(ख) ............................................................................

(ग) ............................................................................

(घ) ............................................................................

## १२. सभाका निर्णयहरु :

१२.१ संचालक समितिद्वारा प्रस्तुत प्रतिवेदन पारित गर्ने :

सभाको निर्धारित बिषय सूची नं. १ बमोजिम छैठौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको संचालक समितिको प्रतिवेदन २०६०/६१ उपर विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापति महोदयले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

१२.२ आर्थिक बर्ष २०६०/६१ का लागि नियुक्त लेखापरीक्षकलाई अनुमोदन गर्ने :

सभाको निर्धारित बिषय सूची नं. २ मा रहेको बैंक तथा बित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६० को दफा ६५ को ब्यबस्था बमोजिम संचालक समितिले नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको स्वीकृत लेखापरीक्षकहरुको सूचीमा समावेश रहेको श्री राजेश पौडेल, चार्टड एकाउन्टेन्टले प्रतिनिधित्व गर्नु भएको लेखापरीक्षण संस्था आर. पौडेल एण्ड कम्पनीलाई यस सभाबाट अनुमोदन गरिदिनु भनी सभाका सभापतिले राख्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन भयो ।

१२.३ लेखापरीक्षकको प्रतिवेदन सहित २०६१ आषाढ मसान्तको वासलात तथा मिति २०६०/४/१ देखि २०६१/३/३१ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने :

सभाको निर्धारित बिषय सूची नं. ३ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०६० आषाढ ३२ गतेसम्मको बासलात, आ.व. २०६०/६१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण र सो को अनुसूचीहरु समेत उपर बिस्तृत छलफल भै सकेकोले

पारित गरि दिन सभापति महोदयले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

१२.४ आ. ब. २०६१/६२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रामिक तोक्ने :

सभाको निर्धारित बिषय सूची नं. ४ बमोजिम आर्थिक बर्ष २०६१/६२ को लागि लेखापरीक्षकको नियुक्ति गरिदिन र पारिश्रामिक निर्धारण गरि दिन सभा समक्ष आग्रह गर्नु भयो । साथै, वहाँले बैंकको वर्तमान लेखापरीक्षक श्री आर. पौडेल एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस पुनः नियुक्त हुन योग्य रहनु भएको ब्यहोरा पनि सभालाई जानकारी गराउनु भयो । साथै, निजलाई गत आर्थिक बर्षमा लेखापरीक्षण शुल्क वापत रु. ५०,०००/- (कर बाहेक) पारिश्रमिक प्रदान गरिएको र यस आर्थिक बर्षमा बैंकको काम शाखाहरुको संख्या र कारबाहीमा पनि बृद्धि भएकोले लेखापरीक्षण शुल्क निर्धारण गरिदिनु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

आ.व. २०६१/६२ को बैंकको हरहिसाब लेखापरीक्षण गर्न श्री आर. पौडेल एण्ड कम्पनी, चार्टड एकाउन्टेन्सलाई नै नियुक्त गर्ने र निजलाई आर्थिक बर्ष २०६१/६२ मा लेखापरीक्षण शुल्क वापत रु. ६६,०००/- (कर सहित) पारिश्रमिक प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

१२.५ साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको निमित्त शेयरधनीहरु र संचालकहरुको तर्फबाट एक एक जना प्रतिनिधि नियुक्त गर्ने :-

सभाको निर्धारित बिषय सूची नं. ५ बमोजिम छैठौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनीहरु र संचालकहरुको तर्फबाट एक एक जना प्रतिनिधि नियुक्त गर्न सभापतिले प्रस्ताव राख्नु भएकोमा शेयरधनीहरुका तर्फबाट शेयरधनी श्री प्रवीण पालिखे (शेयरधनी नम्बर ...........) लाई र संचालकहरुको तर्फबाट संचालक श्री प्राणेश्वर पोखरेललाई आज बसेको छैठौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**१३. बिबिध :**

यस छैठौं बार्षिक साधारण सभाको निर्धारित बिषय सूची नं. ७ अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको ब्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१४. धन्यबाद ज्ञापन :**

सभापति महोदयले छैठौं बार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, बिचार र सुझावहरु निकै सकारात्मक रहेको र शेयरधनी महानुभावहरुले दिनुभएको महत्वपूर्ण सल्लाह तथा सुझावहरुलाई ब्यवहारमा उतार्न प्रयत्नशील रहने प्रतिबद्धता ब्यक्त गर्नु

भयो र आजको सभा सफलतापूर्वक संचालन गर्न सहभागीता र सहयोगका साथै बैंकको काम कारवाहीमा अभिरुचि राखि बैंक संचालक समिति तथा व्यवस्थापनलाई मार्गदर्शन एवं प्रेरणा प्रदान गरेकोमा शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्नुभयो ।

**१६. सभा बिसर्जन :**

सभाका सभापति श्री चन्द्रमोहन गौचनज्यूले अपरान्ह २ :४५ बजे छैठौं बार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

द. ............................
श्री चन्द्रमोहन गौचन
अध्यक्ष

द. ............................
श्री प्रवीण पालिखे
(शेयरधनीहरुको प्रतिनिधि)

द. ..............................
श्री प्राणेश्वर पोखरेल
(सञ्चालकहरुको प्रतिनिधि)